जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक
# पूर्वसन्देश
PURBA SANDESH DAILY

purbasandesh.com

'मैमत्ता सत्ता-साँढेहरू सामु कहिलेसम्म यथार्थको 'बिन' बजाउनुपर्ने ?



-: नकुल काजी :-

पृष्ठ २

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०'

**A-One इटाको नयाँ उत्पादन बजारमा**

**अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।**

भट्टा सम्पर्क : **विष्णु कार्की**
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१

**म्यानेजर**
९८०२६२६६४०

दमक सम्पर्क : **लुसन कार्की**
९८०२६२६६२८/९८५२६२६६२८

❑ वर्ष-२० ❑ अंक - १११ ❑ २०८२ वैशाख ०६ गते शनिबार ❑ Saturday 19 Apr. 2025 ❑ मूल्य ७ /-

## संक्षेप

### सामाजिक सञ्जाल दर्ता नभए बन्द हुने

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरूङले सरकारले तोकेको म्यादभित्र दर्ता नभए फेसबुक लगायतका सामाजिक सञ्जालमाथि प्रतिबन्ध लाग्ने बताएका छन् । शुक्रवार काठमाडौंमा सञ्चारिका समूह नेपालको ९ औं महाधिवेशनलाई सम्बोधन गर्दै मन्त्री गुरूङले नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जाल प्ल्याट्फर्महरूले नेपालको नियम मान्नुपर्ने भन्दै सरकारले तोकेको म्यादभित्र दर्ता नभए प्रतिबन्ध लाग्ने स्पष्ट पारेका हुन् । सामाजिक सञ्जाल दर्ताका लागि सरकारले थप गरेको एक महिनाको म्याद सकिन केही दिन बाँकी रहेको भन्दै उनले फेसबुक लगायतका सामाजिक सञ्जाल दर्ता हुन नआएको उल्लेख गरे । उनले सामाजिक सञ्जाल सम्बन्धी कानुन कुनै सञ्चारमाध्यमलाई बन्द गर्नका लागि नभई नियमन गर्नका लागि ल्याइएको बताए ।

### धवलशमशेरलाई छोड्ने तयारी

हिरासतमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद धवलशमशेर जबरालाई स्वास्थ्य समस्या देखाउँदै छाड्ने तयारी भएको छ । उनलाई उपचारका लागि छाड्ने तयारी भइरहेको स्रोतले जनाएको छ । जबरालाई उपचार लगत्तै उनी पुनः कानुनी प्रक्रियामा ल्याइने तयारीसहित छाड्न लागिएको हो । गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनका क्रममा राज्य विरूद्धको कसुर अन्तर्गत उनलाई प्रहरीले पक्राउ गरेको थियो । उनीसहित वरिष्ठ नेता रवीन्द्र मिश्रलाई पनि प्रहरीले पक्राउ गरेको थियो ।

### गौरादह शिवालयमा हरिकृतन अष्टजाम

गौरादह नगरपालिका वडा नं -७ महाराजथान शिवालय मन्दिरमा श्री श्री १०८ अखण्ड हरिकृतन अष्टजाम लगाइएको छ । अष्टजाम आयोजक समिति गौरादह -७ को आयोजनामा संचालन गरिएको अष्टजाम ६० घण्टामा सम्म निरन्तर संचालन गरिने आयोजक समितिका संयोजक धन प्रसाद राजवंशीले जानकारी गराएका छन । बैशाख ४ गते साँझमा सुरू गरिएको अष्टजाम आइतबार सम्पन्न हुने संयोजक राजवंशीले बताएका छन । अष्टजाम संचालन गरिएको स्थानमा शिवालय मन्दिर रहेकाले अष्जाम लगाइएको पनि संयोजक राजवंशीले बताएका छन । अष्टजाम माहायज्ञमा मन्दिरको वरिपरि शिव पार्वती, सरस्वती, गणेश, हनुमान, दुर्गा भवानी, सरस्वती, लक्ष्मी लगायतका मुर्ति राखेर सजाइएको छ ।

### यात्रुवाहक गाडी दुर्घटना

दाङको लमही कोइलाबास सडकअन्तर्गत गढवा गाउँपालिका ५ चिसापानीमा शुक्रबार दिउँसो भारतीय गाडी दुर्घटना भएको छ । भारतको लखनउबाट भ्रमणका लागि पोखरा जाँदै गरेको युपी ३२ एमएन ९६६६ नम्बरको गाडी दुर्घटना हुँदा २१ जना घाइते भएका छन् । घाइतेहरु सबै भारतीय रहेका प्रहरीले जनाएको छ । बसमा २५ जना यात्रु सवार थिए । घाइतेहरूलाई उपचारका लागि लमही अस्पताल लगिएको छ ।

### भट्टविरुद्ध सर्वोच्चमा मुद्दा

दुई दलले गर्भनरमा नियुक्तिका लागि समझदारी गरेपछि राजीनामा दिएका नेपाल राष्ट्र बैंकका निर्देशक गुणाकर भट्टका विरूद्धमा सर्वोच्चमा रिट परेको छ । अधिवक्ता प्रतिभा उप्रेती र विशाल थापाले शुक्रवार भट्टको योग्यता नपुगेको दाबी गर्दै सर्वोच्चमा रिट दायर गरेका हुन् । उनीहरूले दलहरूबिचको सहमतिका आधारमा ऐन विपरीत दूषित प्रक्रिया अपनाइएको आरोप लगाएका छन् । यसअघि, २ वैशाखमा उप्रेती र थापाले नै दायर गरेको अर्को रिटमा सर्वोच्च अदालतले ६५ वर्ष उमेर नाघेका व्यक्तिहरूलाई नियुक्ति प्रक्रियामा सहभागी नगराउन सरकारलाई अन्तरिम आदेश दिएको थियो ।

## विद्यालयमा भर्ना नलिने सूचना जारी गर्दै शिक्षक

# नयाँ शैक्षिक सत्र अलपत्र

पूर्वसन्देश समाचार

दमक । देशभरका सामुदायिक विद्यालयमा नयाँ शैक्षिक सत्रको भर्ना अभियान अवरूद्ध बनाएर शिक्षकहरू १७ दिनदेखि काठमाडौं केन्द्रीत आन्दोलनमा छन् ।

२०८२ सालको भर्ना अभियान समेत प्रभावित तुल्याउँदै शिक्षकहरु काठमाडौं पुगेका हुन् । उनीहरू गत चैत २० गतेदेखि काठमाडौं केन्द्रित सडक आन्दोलनमा छन् । विद्यालयमा ताला लगाएर शिक्षकहरू काठमाडौं गएका हुन् ।

कक्षा १० को माध्यमिक शिक्षा परीक्षा सम्पन्न भएतापनि उत्तरपुस्तिका परीक्षण र सम्प्रेक्षण कार्य अझै पनि सुरू भएको छैन । त्यसैगरी वैशाख ११ गतेदेखि हुने भनिएको कक्षा १२ को परीक्षामा समेत उनीहरूले असहयोग गर्ने घोषणा गरिसकेका छन् ।

देशको शैक्षिक अवस्था दिनप्रतिदिन जटिलतातर्फ धकेलिँदै गर्दा सरकार भने टसकोमस भएको छैन । आ-आफ्नै अडानमा आन्दोलनरत शिक्षक र सरकार बसेपछि स्थिति सामान्यकरणतर्फ उन्मुख देखिँदैन ।

शिक्षकहरूको आन्दोलनले विद्यार्थीहरूको भविष्य र शिक्षाको गुणस्तर कायम राख्न चुनौती थपिएको छ । लामो आन्दोलनमा सहभागी शिक्षकहरूले छिटो भन्दा छिटो माग सम्बोधन गरी शिक्षकहरूलाई विद्यालय फर्काउनुको सट्टा सरकार आनेकानीमै दिन बिताईरहेको छ ।

सरकारले यही वैशाख २ गतेदेखि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियानको घोषणा गरे पनि शिक्षक आन्दोलनमा हुँदा भर्ना अभियान प्रभावित बनेको भन्दै दमक लगायत पूर्वका विद्यालयहरूले भटाभट सूचना निकाल्न थालेका छन् ।

दमकस्थित हिमालय माध्यमिक विद्यालयले आफ्नो फेसबुक पेजमार्फत ३ गते भर्ना नलिने सुचना सार्वजनिक गरेको छ । सूचनामा शिक्षक आन्दोलनका कारण बैशाख ३ गते भर्ना कार्य स्थथिगित गरिएको भनिएको छ ।

दमकको सामुदायिक बिद्यालय व्यवस्थापन समिति महासंघका अध्यक्ष समेत रहेका सरस्वती आधारभूत बिद्यालय दमक २ का बिद्यालय व्यवस्थापन

समिति अध्यक्ष रमेश गुरागाइँ लेख्छन्- 'विद्यार्थी धेरै हुन् वा थोरै, सामुदायिक विद्यालयले भर्ना अभियान सञ्चालन गर्नैपर्छ । यसको महत्व छुट्टै छ ।' फेसबुक पेजमा लगातारजसो स्टाटस लेख्दै आएका उनी फेरि लेख्छन्- 'दमकका जनप्रतिनिधि र शिक्षकहरूलाई आफ्ना नानीबाबु सामुदायिक विद्यालयमा भर्ना गरी अविलम्ब शैक्षिक गुणस्तर विकासमा लाग्न सुझाव छ ।'

जिल्लाका अधिकांश विद्यालयका शिक्षक आन्दोलनमा सहभागी हुन काठमाडौं गएकाले सामुदायिक विद्यालयको बाँकी ४ पेजमा ▸▸

## बीमा रकम भुक्तानी नहुँदा पछि हट्दै अस्पताल

**दमक/** सरकारले स्वास्थ्यबीमा भुक्तानीमा समस्या देखाएपछि अस्पतालहरूले स्वास्थ्यबीमाबाट उपचार गर्न आनेकाने गर्न सुरू गरेका छन् । विगत १० महिनादेखि स्वास्थ्य बीमाको रकम भूक्तानी नहुँदा अस्पतालहरूले विरामी उपचार गर्न आनाकानी गर्न थालेका हुन् । बीमा बापत १६ अर्ब ४५ रूपैयाँ भुक्तानी गर्न बाँकी रहेको अवस्थामा बीमा बोर्डसँग भुक्तानी बराबर पनि रकम नरहेकाले अर्को समस्या देखिएको छ । सरकारले अस्पताललाई रकम भुक्तानी गर्न नसक्दा स्वास्थ्य बीमाबाट हुँदै आएको उपचारमा नागरिकले समस्या भोग्न थालेका छन् ।

देशभर ४ सय ८५ वटा अस्पताललाई सरकारले स्वास्थ्य बिमामार्फत औषधि उपचार सेवाका लागि रकम भुक्तानी दिँदै आएको छ । तर पछिल्लो १० महिनायता औषधि उपचारमा अस्पतालले भुक्तानी पाउन नसकेकाले बीमा मार्फत अब उपचार गर्न सम्भव नहुने अस्पतालहरूको प्रतिक्रिया आइरहेको छ ।

देशभरका अस्पताललाई १६ अर्ब ४५ करोड रूपैयाँ भुक्तानी गर्न बाँकी रहेको स्वास्थ्य बीमा बोर्डका सूचना अधिकारी विकेश मल्लले जनाउनु भयो । मल्लका अनुसार बीमा बोर्डसँग भुक्तानी बराबर पनि रकम छैन । चालु आर्थिक वर्षको फागुन मसान्तमा बोर्डमा जम्मा एक अर्ब रकम छ भनें भुक्तानी दिनुपर्ने दायित्व भनें १६ अर्ब ४५ करोड पुगिसकेको छ ।

बोर्डको कोषमा आम्दानीका सीमित स्रोत र घाटा बजेट छ । स्वास्थ्य बीमा कोषमा बीमितबाट प्राप्त हुने रकम र नेपाल सरकारबाट प्राप्त हुने रकम मात्र जम्मा हुने गरेको छ । यो रकम उपचार खर्च भुक्तानीमा पर्याप्त नरहेको बोर्डका बाँकी ४ पेजमा ▸▸

## एमाले विराटनगरमा संस्थापन इतर विजयी

**विराटनगर/** नेकपा एमाले विराटनगर महानगर कमिटीको अध्यक्षमा इतर समूहका बलराम गिरीको प्यानल नै निर्वाचित भएको छ । शुक्रबार बिहान सार्वजनिक मतपरिणामअनुसार संस्थापन पक्षका प्रतिस्पर्धी रोहित कोइरालाको प्यानललाई पराजित गर्दै इतर समूहका अध्यक्ष बलराम गिरीको प्यानल नै विराटनगर महानगरको कमिटीमा विजयी भएको हो ।

मुद्रण व्यवसायीसमेत रहेका गिरीलाई पूर्वराष्ट्रपति विद्या भण्डारीनिकट इतर पक्षका नेता विनोद ढकाल समूहको समर्थन थियो । संस्थापन पक्षका उम्मेदवार रोहित कोइरालालाई नगर इन्चार्ज पर्शुराम बस्नेतसहित ओली पक्षका नेताहरूको समर्थन रहेको थियो ।

सार्वजनिक मतपरिणाम अनुसार निर्वाचित गिरीले १७३ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी रोहित कोइरालाले ५२ कम मत अर्थात् एक सय २१ मत मात्रै प्राप्त गरे। महानगर कमिटीको उपाध्यक्षमा गिरी प्यानलका सुवासप्रसाद न्यौपाने, सचिवमा विज्ञान शर्मा, उपसचिवमा हमिद आजाद, उपसचिवमा हिमा मैनाली पोखरेल निर्वाचित भएका छन् ।

एमाले विराटनगर महानगर कमिटीको अधिवेशनमा कायम भएका ३१४ जना प्रतिनिधिमध्ये ३०८ जनाले मतदान गरेका थिए । केही महिना अगाडि सम्पन्न एमाले मोरङ जिल्ला कमिटीको निर्वाचनमा पनि इतर समूहका अध्यक्ष अजम्बर राईको प्यानल नै निर्वाचित भएको थियो ।

## प्रि-मनसुनमा ४१ जनाको मृत्यु

**झापा/** यस वर्षको प्रि-मनसुनको हालसम्मको अवधिमा विपद्जन्य घटनामा परी ४१ जनाको मृत्यु भएको छ । दुई सय ५७ जना घाइते भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार यस अवधिमा करोडौं रूपैयाँ बराबरको क्षति भएको छ । मुलुकमा अहिले प्रि-मनसुनको अवधि छ । साधारणतया मध्य फागुनदेखि मध्य जेठसम्म अर्थात् अङ्ग्रेजी महिनाको मार्च देखि मे महिनासम्मको समयलाई प्रि-मनसुन भनिन्छ । प्राधिकरणका अनुसार प्रि-मनसुनमा स्थानीय वायुको प्रभावले समान्यतया दिउँसो, साँझपख र राति मौसम खराब भई नेपालका केही स्थानमा असिना पर्ने, हुरीबतास चल्ने, मेघगर्जन र चट्याङ पर्नेजस्ता मौसमी गतिविधि हुने गर्छ ।

प्राधिकरणले शुक्रवार सूचना जारी गर्दै हाल देशमा मुख्यतया स्थानीय वायु तथा पश्चिमी वायुको प्रभावले केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम खण्डित वर्षा भइरहेको जनाएको छ । बाँकी ४ पेजमा ▸▸

## हेटौडा सिमेन्ट उद्योग पुनः सञ्चालन

**दमक/** हेटौंडा सिमेन्ट उद्योग ६ महिनापछि पुनः सञ्चालनमा आएको छ । उद्योगका यन्त्रको मर्मतसम्भार र कच्चा पदार्थको आपूर्ति भएपछि सिमेन्ट उत्पादनका गर्न चुनढुङ्गा तयार पार्न प्रारम्भ भएको हो । उद्योगका निमित्त महाप्रबन्धक नवीनकुमार कर्णका अुनसार एक दुई दिनपछि सिमेन्ट उत्पादन थालिने छ । अब दैनिक रूपमा ६०० क्विन्टल सिमेन्ट उत्पादन गर्ने लक्ष्य छ । विसं २०३३ मा जडान गरिएका यन्त्र थोत्रा भएकाले नयाँ खरिद गर्नुपर्नेमा उनले जोड दिए । नेपाल विद्युत् प्राधिकरणलाई बिजुली महसुल र कर्मचारीलाई पारिश्रमिकको व्यवस्था गर्न कठिन भएको अवस्थामा नयाँ यन्त्र खरिद असम्भव भएको दुखेसो गर्दै उनले उद्योगका समस्या समाधानमा सरकारले सघाउने विश्वास व्यक्त गरे । रासस

**GAYATRI VIDYAPEETH**
**Damak-6, Jhapa**
**ALWAYS IN PURSUIT OF EXCELLENCE**

*(A complete English medium school committed to quality education)*
The school that stands out from the mediocrities in terms of academic standard.

**ADMISSION OPEN**
For Academic Session 2082
For
**Grade Nursery to IX**

**VACANCY**
The school is also in need of dedicated, competent and qualified teachers for the following posts:

| Subject | Level | Qualification |
|---|---|---|
| 1. Science | Secondary | Bachelor's degree |
| 2. Grade Teacher | I / Nursery | SLC |

Please apply with your updated CV along with application
Phone: 9842709473/ 9852670767/023-570166/ 023-583783

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

### व्यवसाय दर्ता एवं राजस्व दाखिला सम्बन्धी हार्दिक अपिल

दमक नगरपालिकाको १५ औं नगरसभाले नगरपालिका लाई तिर्नु बुझाउनु पर्ने राजश्व नबुझाउने, सम्वन्धित नगरबासी सवैलाई करको दायरा भित्र ल्याउने नीति निर्णय गरेको र दमक नगरपालिकाको मिति २०८१।०८।०७ गते बसेको कार्यपालिकाको बैठकले स्वीकृत गरेको कार्य योजना अनुसार मिति २०८१।०८।१७ गते देखि वडा नं. १, २, ३, ४ ५ ७, ८, ९ र १० मा राजश्व अशुली तथा व्यवसाय अनुगमन सम्पन्न भई सकेको छ । **यो अभियानले वडा नं. ६ मा नगरपालिकाको स्वामित्वमा रहेका पसल कवलहरुको समेत अनुगमन गरि राजश्व संकलन गरि सकेको हुँदा वडा नं. ६ का अन्य व्यवसायहरुको समेत अनुगमन तथा राजश्व संकलनका लागि मिति २०८२ बैसाख ७ गते आइतबार देखि टोली परिचालन हुँदैछ ।**

नगरवासी करदाता महानुभावहरु, नगर क्षेत्र भित्र नियमित रुपमा राजश्व बुझाई आफ्नो व्यवसाय संचालन गरिरहनु हुने व्यवसायीहरु प्रति हार्दिक सम्मान प्रकट गर्दै बर्षौ देखी व्यवसाय सन्चालन गरी नगरपालिकामा दर्ता नभएका, समयमा दर्ता नविकरण नगरेका व्यवसायीहरु लाई दर्ता तथा नियमित रुपमा नविकरण गरी व्यवसाय संचालन गर्नु हुन अपिल गर्दछौ । कोही व्यवसायीले नियमित कर राजश्व बुझाउने र कोही व्यवसायीले समयमा नै करको दायरामा नआउदा राजश्व सन्तुलन व्यवस्थापनमा कठिनाई भई नगर बिकासमा प्रत्यक्ष असर पर्ने भएकोले सवै व्यवसायीलाई एकरुपता कायम गर्नु नगरको दायित्व समेत भएकोले कर राजश्व संकलन तथा सवै व्यवसायीलाई करको दायरमा ल्याउन कानुन बमोजिम दण्ड, जरीवाना साथै आवश्यक कार्वाहि गर्नु पर्ने अवस्था रहन्छ । यस आर्थिक बर्षमा धेरै पटक बिभिन्न माध्यम बाट राजश्व तिर्न बुझाउन नगरपालिका बाट अनुरोध भइरहेको छ । करदाताहरु बाट समयमा कर राजश्व अशुली नहुदा नगरका बिकास निर्माण लगायत नगरवासीको सवै सेवा सुबिधामा प्रत्यक्ष असर गर्ने हुँदा समयमा नै सचेत भई कर, राजश्व बुझाउन पुन :अनुरोध छ । नगर बिकास र समृद्धिका लागि यहांको सहयोग र साझेदारीको अपेक्षा सहित यस अभियानको क्रममा व्यवसायकरमा १० प्रतिशत सम्म छुटको व्यवस्था गरिएको हुदा समयमा नै नियमित रुपमा राजश्व बुझाउनु हुन हार्दिक अनुरोध गर्दछौ ।

हाल संचालन भई रहेको राजश्व संकलन तथा व्यवसाय अनुगमन अभियानको हाल सम्मको प्रगती बिवरण यस प्रकार रहकोछ ।

| विवरण | जम्मा |
|---|---|
| व्यवसाय अनुगमन संख्या | २८८६ |
| नयाँ व्यवसाय दर्ता संख्या | ३५१ |
| व्यवसाय नबिकरण संख्या | २८८ |
| राजश्वअशुलीका लागी पत्राचार संख्या | १०६३ |
| नियमित राजश्व बुझाउने संख्या | ११४६ |
| बन्द अवस्थामा देखिएका | ३८ |
| राजश्व संकलन रकम रु. | **३०,५७,१४८।४०** |

**थप जानकारीको लागि :**
व्यवसाय अनुगमन अभियान सम्पन्न भएका वडाहरुको व्यवसायको बक्यौता बुझाउन बांकी, नविकरण गर्न बाकी रहेका र नयां व्यवसाय दर्ता नगरेका कारण अभियानका क्रममा पत्राचार गरिएका व्यवसायीहरुको बिवरण सम्वन्धित वडामा पठाई सकिएको हुदा सम्वन्धित वडा कार्यालयमा सम्पर्क गरि तिर्नु बुझाउनु पर्ने कर राजश्व चालु आ.ब.को छुट अवधि भित्र बुझाउनु हुन समेत जानकारी गराइन्छ ।

संस्मरण

# संस्कृति : सानो विमर्श



डा. तुलसी भट्टराई

गतांकबाट..............

विश्वका अथवा एउटै देशभित्रका- प्रत्येक जातजातिभित्र आफआ ँनो छुटै भौगोलिक र वंशगत परिवेश र परिचय हुन्छ । छुट्टै रूचि, बोध, विश्वास, आस्था, विचार, आचरण एवं रितिरिवाज हुन्छन् । अनि यसै अनुरूपको संस्कृति निर्माण भएको हुन्छ । त्यसैकारण देश, काल, समाज, जातिअनुसार भिन्नभिन्न संस्कृतिको विकास भएको हो । आचरण, व्यवहार, देशकाल, भाषा, धर्म आदिद्वारा संस्कृति निर्माण हुने भएकाले बहुल संस्कृतिको विकास भएको हो ।

सांस्कृतिक- संस्कारद्धारा नै मानव मष्तिष्कमा 'सत्यम्, शिवम् सुन्दरम्' को उच्च र उदात्त भाव उत्पन्न हुन्छ । यस्तो भाव उत्पन्न भएको व्यक्तिले समाज र राष्टूका निम्ति कार्य गर्ने शक्ति प्राप्त गर्छ । अनि उसले अरूका निम्ति, मानव उत्थान र कल्याणका निम्ति समर्पित भएर काम गर्छ ।

संस्कृतिको संगीतसँग पनि अन्योन्याश्रित सम्बन्ध हुन्छ । संस्कृति समाजको दर्पण भएका कारण सबै प्रकारका कलाहरू संस्कृतिका दर्पण हुन् भनिएको छ । संगीत ललितकलाको प्रमुख अंग हो । त्यसैले संगीतभित्र सामाजिक, धार्मिक, सांस्कृतिक एकरूपता अन्तर्निहित हुन्छ । संगीतकलाले सांस्कृतिक मूल्य र आदर्शलाई अगाडि बढाउन सघाउँछ ।

हाम्रो पूर्वीय प्राचीन परम्परा र मूल्य मान्यता सँगै धर्मलाई संस्कृतिले नै तान्दै जोगाउँदै ल्याएको हो । मनुष्यको सामाजिक जीवनमा धर्मको प्रभाव परेको हुन्छ । त्यसकारण संगीतमा धर्मको पनि सम्बन्ध रहेको हुन्छ । संगीतको प्रारम्भ सरस्वती, नारद आदि देवदेवीद्वारा भएको हो भन्ने मान्यताका कारण संगीतको अनुष्ठान गर्दा यी कुराहरू पनि पर्ने गरेका छन् । प्राय : हाम्रा धार्मिक अनुष्ठानहरू संगीतद्वारा प्रारंभ अन्त्य गर्ने गरिन्छ । शास्त्रीय संगीतमा त पूरै धर्म र प्राचीन मान्यताको प्रभाव पाइन्छ ।

हाम्रो संगीत कलामा विभिन्न जाति, समुदाय र वर्ग विशेषका- परम्परा, संस्कार, मूल्य मान्यताहरू समेत अन्तर्भुक्त भएका छन् । धार्मिक रूपमा युंगौदेखि समन्वय, एकता र सहिष्णुताका साथ हाम्रो समाज चल्दैआएका कारण संगीतकलामा पनि समन्वयात्मक आदर्शभाव विद्यमान छ । समाजका प्रत्येक व्यक्तिलाई आ ँनो आस्था र विश्वासअनुसार धर्म मान्न पाउने स्वतन्त्रता छ । सांस्कृतिक रीतिरिवाज चलाउन पाउने स्वतन्त्रता छ । अर्थात् बहुल विचार र बहुल संस्कृतिलाई उहिल्यैदेखि आत्मसात् गर्दैआएको हो- हाम्रो समाजले ।

सनातन परम्परा अर्थात् संस्कृतिमा मोक्ष प्राप्तिको प्रमुख साधन धर्मलाई मानिएको छ । अनि संगीतमा 'नाद्रब्रह्म'को उपासनालाई ईश्वरीय उपासनाको साधन मानिन्छ । साथै हाम्रो सनातन संस्कृतिभित्र विश्वबन्धुत्व र विश्वभातृत्वको भावनालाई मान्यता दिइएका कारण यसको मूल उद्देश्य मानव कल्याण हो भन्ने प्रस्ट हुन्छ ।

कुनै पनि मुलुकका लोककलाहरूले नै त्यहाँको सांस्कृतिक स्वरूपलाई प्रकट गर्नेभएकाले संगीत र नृत्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । संगीत कलाले अन्य देशसँग सांस्कृतिक आदानप्रदान गर्न योगदान समेत पुऱ्याउँछ ।

हाम्रो सांस्कृतिक परम्पराको विशेषता हो- धार्मिक, सामाजिक, पारिवारिक एवं विचारगत विभिन्नतालाई समेटेर एकत्वरूपमा संस्कृतिको निर्माण संरक्षण संवर्द्धन र विकास गर्नु । अनेकतामा एकता हाम्रो संस्कृतिको विशेषता हो ।

हाम्रो संस्कृतिको मूल्य र आदर्श- संगीतकला र साहित्यमा अन्तर्भुक्त भएको छ । समाजद्वारा मानवको व्यक्तित्व निर्माण हुन्छ । त्यसैबाट व्यक्ति सभ्य सुसस्कृत बन्दछ । मानवीय सांस्कृतिक परम्परा र यसको सम्बन्धका बारेमा अध्ययन गर्नु धेरै जटिल कुरा हो । समाजमा सभ्यता र संस्कृति एकप्रकार अन्तदर्घुलन पानीमा नून-खोज्नुजस्तै- भएर बसेका हुन्छन् । कसैले पनि म यो संस्कृति मान्दिन भनेर आफूलाई समाजबाट अलग पार्न सक्तैन । त्यसकारण समाज, सभ्यता, संस्कृति, संगीत, साहित्य र कला परस्पर परिपूरक र अन्योन्याश्रित हुन्छन् । क्रमशः....

# मैमत्त सत्ता-साँढेहरू सामू कहिलेसम्म यथार्थको 'बिन' बजाउनुपर्ने ?

**पहिला डा.भीम रावल जस्ता वेथिति भँजाउने दुष्कर्मका प्रति निस्पृह भनेर चिनिएका काबिल तथा दलकै 'विश्वस्त स्वजन' व्यक्तित्वलाई दलबाटै गलहत्याइयो । त्यसपछि मूल खतुकीलाई छोडेर 'निमित्त हैसियत'-का रवि लामिछाने जस्ता जनाधारशाली युवाको वेशरम र क्रूर नाटकीय ढंगबाट काइटो बसाइयो । अब काठमाडौ महानगरका बालेन शाह, धरानका हर्क साम्पाङ, सांसदहरू डा. चन्द्र भण्डारी, डा. सुनिल शर्मा, अम्रेश कुमार सिंह, ज्ञानेन्द्र शाही आदि-इत्यादि जनप्रिय र जन-भावनाका मुखरहरूतर्फ क्रमशः तरवार सोभिने अड्कल हुँदैछ ।**



-: नकुल काजी :-

विगत व्यवस्थाकालका अनुभवहरूसँग पाकेर त्यस कालखण्डका असली साक्षी बनी बाँचिरहेकाहरू र वर्तमान शासनको आभ्यासिक स्वरूपसँग विरक्तिरहेका नेपालीका आवाज बलात् दमित राखिएका छन् अहिले । यद्यपि, यो वर्तमानमा प्रकीर्ण अनपेक्षित विषम परिस्थितिको सही विश्लेषण गर्नसक्ने त्यस वर्गका निरपेक्ष र न्यायपरायण नेपालीहरू सबै भन्दैछन् - अहिलेको अस्थिरता, अराजकताकृत वेतिथि र तानाशाही दलनको दोष मौजूदा 'व्यवस्था'-माथि थोपरिनु घनघोर अन्याय हुन्छ । अहिलेको होहल्ला वास्तवमा 'व्यवस्था'-को विरुद्ध नभएर यसका चालकहरूका बेलगाम मैमत्त बुर्कुसीद्वारा उत्सर्जित 'दुरावस्था'-को स्वाभाविक उपज हो । अहिले उर्लिरहेको कोकोहोलोको अन्तर्यलाई अन्याय नगरी, जतनसँग र नागरिकका सरोकारी भावले छिन्किने हो भने यही यथार्थ हात लाग्नेछ । तर, पालो फेरी-फेरी सत्ताको चास्नी घिच्ने दुर्व्यसनीहरू कसरी जमेका छन् भने, मानो, यहाँ एकतन्त्रीय राणाको हुकुमी शासन वहाल छ ! अत: 'व्यवस्था'-को नाम 'संघीय लोकतान्त्रिक गणतन्त्र' राखेर राणा शासन पुनरावृत भइरहेको उदेकलाग्दो अनुभूति जन-जनका मानसमा नित्य जाग्रत छ ! वस्तुत: 'संघीय लोकतान्त्रिक गणतन्त्र' नेपालको स्वीकृत शासन व्यवस्था हो तापनि नागरिकका सबै कित्ताले भोगिरहेका सर्वव्यापी शासकीय शैली 'दुई दलीय तानाशाही' जस्तो छ । प्रजातन्त्रोत्तर पहिला 'नेतातन्त्र' हाबी भयो र त्यही 'तन्त्र'-को भ्रूण क्रमश: छिप्पिँदै-हुर्किंदै जाने क्रममा 'दलतन्त्र'-को सूत्रपात भयो - जो अहिले हाबी छ । अर्थात् , सत्तामा पुग्ने दलले चलाइआएका र चलाइरहेका 'राजसी एवम् स्वेच्छाचारी शासन व्यवहार'-लाई अहिले आम नागरिकले 'संघीय लोकतान्त्रिक गणतन्त्र' मान्न बाध्य हुन परिरहेको छ । यो अक्करिलो स्थितिबाट उत्पन्न 'प्रतिफल'-हरू नै सडक-सडकमा लहरिइरहेका हुन् भन्ने विश्लेषण नै जतातते भइरहेका छन् । यस्तो विश्लेषणलाई फूल-बट्टे काँडाहरूले दपेट्न सत्ताका तलब-भत्तादार तावेदारहरू रातोदिन व्यस्त छन् । यो सादृश 'सत्य'-को अविनाशी अस्तित्वको अवास्तविक 'बध' गर्यौं भन्दै 'निर्लज्ज मख्ख' भइरहनु परेको पनि होला उनीहरूले र त्यसैलाई सत्ताका मुखिया-मुनिमहरूले मूल्यांकनको आधार मानिरहेका होलान् पनि !

शासनको बागडोर अँचेत्न पुगेको वा पुग्ने गरेका दलले देशलाई 'बपौती'-को रूपमा उपभोग गर्ने गर्दै आएका छन् र गरिरहेका छन् ! अथवा, मौजूदा व्यवस्थाका प्रति भइरहेको यो वा यस्तो थिचोमिचो सहन नसकेर मत-वैभिन्न्यमा उत्रिने अगुवाहरू एकपछि अर्कोमाथि 'कानून'-को 'का' भिकेर 'नून' छर्किने प्रक्रिया चालू छ ।... तथापि विकास र समृद्धि, न्याय र सुशासनको बकवेदान्ती नारा फलाकेर आत्मप्रशंसा फर्माउन, मासु-भात र यातायातको सुविधा जस्ता आकर्षणमा, सोभा-सीधा नागरिकको भीड भेला गर्दै आफ्नो श्रेष्ठता प्रतिष्ठापित भएको ठान्ने हास्यसुलभ उल्लास चलिरहेको छ । र, यसमा 'दाहिने हातले देब्रे कान समाउने' टुक्का जस्तो रूपमा राष्ट्रिय तिजोरीको कुराउनी खुर्किइरहेको छ भन्ने पनि 'जनता'-का 'देखी जान्ने' र 'सुनी जान्ने' दुवैथरिका घर-दलानमा चर्को गनगन सुनिन्छ । अत: सरकार स्वयम् बहुमतमा भएको दम्भी हाँक गर्जेर एकातिर 'नवोदित लोकप्रिय'-हरूलाई ह्याकुलाले मिच्तै हिँड्दैछल भने अर्कातिर ठाउँ-ठाउँमा 'आफ्ना'-हरूको हुल-भेला प्रदर्शन गरी आत्मगौरवको ढ्वाँस अनुमोदन पनि गर्दैछ । भ्रष्टाचार, कमिसनखोरी, पक्षपात, नाता-कृपादिद्वारा पोषितको पक्षपातका कारण भन्नै एक-तिहाइ ऊर्जावान नागरिक विदेश पलायन भइसकेका छन् । आह्रिस-ईर्ष्यावश लोप्रियताको धतुरो भार्न आइतवार नबार्ने अभ्यास र राज्यशक्तिको दुरुपयोग गर्न अप्ठ्यारो नमान्ने लबस्तरो प्रस्तुती आदि-इत्यादि कुशासनको व्याख्या पुष्टी हुने काम-कर्मले बद्नाम वर्तमान नेपालको 'राज्य'-का बिरुद्ध जन-आक्रोश बढेको बढ्यै देखिँदो छ । यो केको संकेत - केको पूर्वाभास हो भन्ने 'राज्य'-का सारथि भइखाई पचाइरहेकाहरूलाई थाहा छैन भनेर पत्याउने विश्वस्त आधार पनि ठ्याम्मै छैन। त्यसो भए यस्तो निर्लज्ज र लबस्तरो थेत्तर्याइँ किन वा केका लागि हो त ?

पहिला डा.भीम रावल जस्ता वेथिति भँजाउने दुष्कर्मका प्रति निस्पृह भनेर चिनिएका काबिल तथा दलकै 'विश्वस्त स्वजन' व्यक्तित्वलाई दलबाटै गलहत्याइयो । त्यसपछि मूल खतुकीलाई छोडेर 'निमित्त हैसियत'-का रवि लामिछाने जस्ता जनाधारशाली युवाको वेशरम र क्रूर नाटकीय ढंगबाट काइटो बसाइयो । अब काठमाडौ महानगरका बालेन शाह, धरानका हर्क साम्पाङ, सांसदहरू डा.चन्द्र भण्डारी, डा. सुनिल शर्मा, अम्रेश कुमार सिंह, ज्ञानेन्द्र शाही आदि-इत्यादि जनप्रिय र जन-भावनाका मुखरहरूतर्फ क्रमश: तरवार सोभिने अड्कल हुँदैछ । यसरी नै उस जमानामा भ्लादिमिर लेनिनले तेह्र हजार 'सही आलोचक'-का ज्यानै लिएपछि रसियाका बेलगाम शासक बनेको इतिहास यहाँ पनि 'गुरुग्रह' बनेको होला कि ? आफ्नो कुकर्मको पोल खोल्न तदारुक पात्रहरू सखाप पारेपछि देशलाई आफ्नो एकलौटी जोतभोग-अख्तियारीको जिमीदारीमा रूपान्तर गर्ने मेलोमेसो हो कि ? यस्ता जन-धरातलमा मञ्चन भइरहेका शासकीय शैली 'लोकतान्त्रिक शासन व्यवस्था'-का सन्दर्भमा 'देख्नेलाई लाज' लाग्ने विषय बनेको छ ।

अन्यथा, देशमा यो गर्ने र उ गर्ने अथवा यो गरिँदैछ र उ गरिँदैछ भनेर नित्य जनता ढाँट्ने र फुस्ल्याउने अपराध किन गरिँदैछ त ? विकासको नाममा रेल र पानी जहाजको परी-कथाहरू जस्ता मृदुल सपनाको छारोले जनतालाई अन्धा बनाउने दलीय धन्धाका लागि राष्ट्रिय तिजोरी कोतरेर आफ्ना 'भाट'-रूपी कौडे-कन्दने-भोलेहरू पाल्ने जस्ता काम-कर्म किन भइरहेका छन् त ? जनताका जीवन दैनिकी दैनन्दिन भन-भन कष्टकर बन्दै गइरहेको छ र विदेश पलायनको ओइरो हेर्दा अब अदूर भविष्यमै देश रित्तिने गन्तव्यतिर प्रस्तावित भइरहेको आभास हुँदैछ । यही बुझेर नै सायद, मौका मार्दै, इण्डियन लगायतका विदेशी जनसंख्याको अतिक्रमणकारी घुइँचोले मलिलो नेपाली माटो कुल्चिएर बाँभो बनाइरहेको छ । देशका मुखियाहरू र तीद्वारा संरक्षित कोठरीको 'भाटगिरी'-मा पन्पाइरहेका भ्रष्टाचारी, घुसखोर, कमिसनखोर आदि तथा देशी-विदेशी बिचौलिया, दलाल, कालाधन्धे, माफियादिको घातक एवम् नित्य निर्विघ्न उफ्रीपाफ्रीमा भाङ्गिएर देशमा आम असन्तोष र आक्रोश विस्तीर्ण छ । यो कुरो छर्लङ्ग हुँदाहुँदै पूर्वराजा र राजापन्थीहरूका उकासमा 'प्रणालीमाथि आक्रमण भइरहेछ' भन्ने स्यालहुइँया फलाकोले आफ्ना आबरु छोप्ने दु:सहास गर्न थालेका विषय पनि वहसमा नारिन थालिसकेको छ । भावी मार्गचित्रसम्म पनि सार्वजनिक नभएका राजाको शासन आउने सम्भावना जतिसुकै टाढा होस् वा हुँदै नहोस् - 'चोरको खुट्टो काट्....' उखानको भाका टिपेर, सत्ताको गुलियो चास्नीमा पल्केकाहरूमा, ती त्यसरी, 'लोकतान्त्रिक गणतन्त्र'-को साखुल्ले र कर्ममाण्डी रुवावासी (?) भएको सुन्दा कानका लोतीहरू लाजले रापिएर ओइलिने स्थिति छ अहिले ।

बाघ नआई 'बाघ आयो ! बाघ आयो !'......भनेर कराउने गोठालोको फट्याइँबाट वाक्क गाउँलेहरूको गौचरनमा साँच्चै बाघ आएको दिन त्यो गोठालो र गाउँलेले समेत साँच्चै ठूलो नोक्सान ब्यहोर्नु परेको दन्त्यकथा स्मरण गराउने परिस्थिति विद्यमान छ यसबेला । अर्थात्, आफ्ना कारणबाटै जन-असन्तोष बढेर देशको सरकारी सेवा समेतका विभिन्न कित्ता विद्रोहमा उत्रिरहेका छन् भन्ने सरकारका मुखिया, जिम्वाल, डफ्फेदारहरूलाई भलिभाँती थाहा हुनपर्दछ । त्यसो भए 'राजातन्त्र'-रूपी 'बाघ' आएको अत्याहट छरेर जनमत एकोहोर्यान सकिन्छ भन्ने कस्तो कमजोर सोच हो ?

(i) 'सच्चिएर सुध्रिने' वा (ii) 'बिग्रिएरै सकिने' - यी दुई मात्र 'प्रणाली बचाउने' विकल्प छन् र अरू वहानाहरू अब 'टाउकाको ओखति नाइटोमा लाए' जस्तै मात्र सिद्ध हुनेछन् । अहिले सत्तारुढहरू त्यस्तै निरर्थक बाँकट्टे खेलामा व्यर्थ व्यस्त छन् । किनभने, बुझ्न आवश्यक के थियो भने - जनताले 'नारा'-लाई मुखले सघाए पनि अभ्यन्तरबाट त्यो सघाइ बहुधा 'करकापको भार्लाङ्गी' मात्र हुन पनि सक्छ । यो अवस्था त प्रधानमन्त्रीको 'कृत्रिम पुरुषोत्तम अवतार'-को प्रदर्शन खातिर दलका भाटहरूले भेला गरेको मण्डपबाट 'जनताको लगत्तै फिर्ती लस्कर'-हरूले पनि प्रमाणित गरिरहेकै छन् ! सदाको प्रवञ्चक भाषणरूपी अनुनाद सुन्ने जन-रहरमा डढेलो त लागिसकेको यथार्थ उपस्थित छ !

देशको विकास-समृद्धि, जनताको सुख-शान्ति, सुशासन, सुरक्षा र न्यायको प्रत्याभूति आदिका कर्णमधुर 'भाषण कुर्लिने क्रम'-मा त्यसरी उगाल आइसकेर पनि अनुत्पादक भाषण ज्यूँकात्यूँ बरकरार छँदैछन् । रातोदिन एक-अर्कामाथि दोष थोरेर आफू चोखो भएको ठान्ने दम्भी दुष्कर्म वा कुण्ठा प्रक्षेपण मौलाउँदो छ । छोटोमा भन्ने हो भने - वस्तुत: मूलधारका दल भनिने तीन 'संख्याकारले ठूला दल'-का अंकुशहीन भ्रष्टाचार र अकर्मण्यताका विरुद्ध खबरदारी हो हाल सडक-सडकमा बिस्तीर्ण होहल्ला । यस्तो स्थितिमा कुनै शक्तिको आड खोजिनु अस्वाभाविक हुँदैन भने - जनताका आधारभूत असन्तुष्टिको उद्वेलनकै गर्जन बढता हो, चाहे तीमध्ये कतिपयमा फलानो जिन्दावाद र फलानो आऊ र देश बचाऊ जस्ता स्वरहरू ठूलो सुनिने किन नहुन् !

मिटरब्याज पीडित, उखु किसान, दूग्ध किसान, सहकारी पीडित, शिक्षक, नर्स, चिकित्सक, निजामति कर्मचारी र मझौला-साना राजनीतिक पार्टीहरूको सडक-सडकमा आक्रोश र कर्कश बिरोध मच्चिरहेको छ । अरू त अरू, स्वयम् सत्तारुढ दल नै पनि सडक-सडकमा आन्दोलन स्वरूपको दम्भ-नृत्य प्रदर्शनबाटै अहमतुष्टी लिइरहेको छ । यस्ता हर्कतबाट थप लोकतन्त्रमा 'राज्यसत्ता' वा 'सरकार' कुनै दल विशेषको 'मुट्ठीको माखो' हुँदैन वा हुनु हुँदैन भन्ने विश्वमान्यतालाई नराम्ररी थेचार्ने-पछार्ने काम भइरहेको छ । यस्ता कहिले कमाउकान्ते दौढ र कहिले सिङ जुदाउने खेलमा समयको अपव्ययी अपराधमा रमाउन छोडेर सत्ताधारीहरू सुध्रेलान् र विविध संकट र कुशासनको मिचाइले निसासिइरहेका जनताका मौलिक र सारभूत आशा-अभिलाषाहरू सम्बोधित होलान् त ? र, त्यस बिन्दुबाट शिष्ट, सौभ्य र सन्तुष्ट नेपालीको सुन्दर नेपाल स्थापित हुन सक्ला त ?? अहँ, गाह्रै पर्ला । त्यसो भए बिनसित्ति यसरी 'मैमत्त सत्ता-साँढेका अघिल्तिर बिन' कति पो बजाइरहनु र कहिलेसम्म बजाइरहनु ??...बरु,आजलाई यत्ति नै, बस् !....

# कोशी प्रदेशमा पहिलो पटक लगानी सम्मेलन हुँदै




विराटनगर । कोशी प्रदेश सरकारले पहिलो पटक वैशाख १८ देखि १९ गतेसम्म लगानी सम्मेलन आयोजना गर्ने भएको छ ।

पूर्वनिर्धारित समय अनुसार माघ ११( १३ का लागि सम्मेलन निश्चित भए पनि तयारीको समय अभाव भएको भन्दै सम्मेलनको मिति सारिएको हो ।

प्रदेश सरकारले बुधबार विराटनगरमा पत्रकार सम्मेलनमार्फत लगानी सम्मेलनको तयारी तीव्र पारिएको जनाएको छ ।

सम्मेलनमा १ खर्ब ३९ अर्ब रुपैयाँका १४ परियोजनाहरू प्रस्तुत गरिने सम्मेलन सचिवालयका संयोजक प्रदेश सचिव पवनकुमार तिमिल्सिनाले जानकारी दिए । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सम्मेलनको तयारी तीव्र पारिएको बताउँदै प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मेलन उद्घाटन गर्ने योजना रहेको जनाए । 'यो सरकारको मात्रै हैन, कोशी प्रदेशकै सम्मेलन हो', उनले भने, 'प्रदेशको पुँजी निर्माणकै लागि सम्मेलन गर्न लागिएको हो ।'

सम्मेलनमा प्रस्तुत हुने ५४ परियोजनामध्ये कृषि र पर्यटन क्षेत्रका परियोजनाहरू बढी संख्यामा छन् । प्रदेश सरकारले निजी, एनआरएन र विदेशी लगानी भित्र्याउने प्रयत्न जारी राखेको मुख्यमन्त्री कार्कीले जनाए ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतीरमण भण्डारीले लगानीकर्ताहरूलाई सहज वातावरण बनाउन विभिन्न कानुनी प्रावधानहरूमा संशोधन गर्न लागिएको जनाए । मापदण्ड बमोजिम अनुदान दिन सक्ने गरी ऐन संशोधनको तयारी भइरहेको र लगानी प्राधिकरण ऐनमा पनि आवश्यक परिमार्जन गर्न लागिएको उनले जनाए ।

त्यसैगरी, भू-उपयोग ऐनमार्फत नदी उकासको जमिन लिजमा दिन सकिने व्यवस्था समेत गर्न लागिएको जनाए । 'एकद्वार प्रणालीमार्फत अघि बढी रहेका छौ, कानुनी र नीतिगत भन्भटलाई समाधान गर्दै अघि बढ्ने योजना छ', मन्त्री भण्डारीले थपे ।

डा. सरोज कोइराला सम्मेलनको प्रमुख कार्यकारी रहेको सचिवालयले सम्मेलनका लागि सवा सय परियोजनाहरू हातमा रहेको दाबी गरेको छ । तर, कार्यान्वयन हुन सक्ने परियोजनालाई मात्रै प्राथमिकतामा राखिएको सचिवालयले जनाएको छ ।



# इलामका सीमावर्ती क्षेत्र विद्यालय विहिन

इलाम । वैशाख लागेसँगै विद्यालयमा विद्यार्थी भर्ना अभियान चल्नुपर्ने हो । तर, देशभरका विद्यालय बन्द गरेर शिक्षकहरु आन्दोलनमा छन् । सरकारले माग सम्बोधन गरेपछि शिक्षकहरु फर्केलान्, विद्यालय खुला र विद्यार्थीको भर्ना होला ।

तर, इलामका उत्तरी भेगका अभिभावकलाई त्यति पनि आशा छैन । आफ्नो ठाउँमा विद्यालय नै नभएपछि उनीहरुलाई आन्दोलनको चासोभन्दा पनि बालबच्चा कहाँ पढाउने भन्ने चिन्ताले पिरोलेको छ ।

"शिक्षक आन्दोलन भन्छन्, शिक्षा ऐन भन्छन् । हामी त बच्चा पढाउन भारत जानुपर्छ", माइजोगमाई गाउँपालिका(५ मेग्माकी नुमा शेर्पाले भनिन्, "गाउँमा एउटा विद्यालय छैन । अर्काको देशमा बच्चा पढाउन पठाउँदाको पीर कसैले बुझेनन् ।" उनी मात्रै होइन उत्तरी इलामका लेकाली भेगका अधिकांश अभिभावकले बालबच्चा भारतको विभिन्न विद्यालयमा पढाउनुपर्ने बाध्यता छ । यहाँका जौबारी, तुम्लिङ, मेग्मा, आलेभञ्ज्याङ, नुनथला, इङ्ला, गैरीबासलगायत गाउँका सबै बालबालिका भारतीय विद्यालय लैजानुपरेको छ ।

विद्यार्थी अभाव भएको भन्दै सामुदायिक विद्यालयहरु बन्द भएपछि भारतीय सीमावर्ती क्षेत्रका बालबालिका भारतमा पढ्न बाध्य छन् । पातलो बस्ती र जनघनत्व पनि कम भएको यी ठाउँमा केही वर्षयता विद्यालय नै बन्द भएपछि बालबालिकालाई प्राथमिक तहबाट पढाउन भारतीय क्षेत्रमा अभिभावक गएर बस्नुपर्ने बाध्यता भएको जौबारीका सोनाम शेर्पाले बताए ।



"घरबाट धाएर पुऱ्याउँदा टाढा हुन्छ । गत सालदेखि आफू उतै कोठामा बसेर नातिनी पढाइरहेकी छु", सन्दकपुर गाउँपालिका(५ कालपोखरीकी ६९ वर्षीय निम लमुले भनिन् ।

जौबारीको राष्ट्रिय प्राथमिक विद्यालय बन्द भएको आठ वर्ष भयो । कक्षा १ देखि ५ सम्म पढाइ हुँदै आएको उक्त विद्यालय विद्यार्थी अभावका नाममा २०७२ सालमा बन्द गरिएको थियो । "सीमा क्षेत्रका धेरै बालबालिकालाई भारतीय विद्यालयमा पढ्न पठाउन थालेपछि यहाँका विद्यालयमा विद्यार्थी अभाव भयो, उक्त विद्यालय ८० जनासम्म बालबालिका अध्ययन गर्न आउने गर्थे । त्यसपछि उक्त विद्यालय स्थापनाको कुनै पहल भएको छैन", उनले भनिन् ।

अहिले यस क्षेत्रबाट करिब १५ जना बालबालिका मानेभञ्ज्याङको रिब्स विद्यालयमा पढ्छन् । महिनाको भारु १८ देखि २० हजार खर्च हुने गरेको मानेभञ्ज्याङमा कोठा लिएर नानी पढाउन बस्नुभएकी डोमा शेर्पाले बताइन् । जौबारीको मात्रै होइन, माइजोगमाई(२ को मेग्मामा रहेको सरस्वती प्राथमिक विद्यालय, सन्दकपुर-५ कालपोखरीमा रहेको प्राथमिक विद्यालय, सन्दकपुर-५ को मजुवामा रहेको अर्को प्राथमिक विद्यालय बन्द भइसकेको राष्ट्रिय प्रावि जौबारीका पूर्वप्रधानाध्यापक पासाङ छिरिङ शेर्पाले जानकारी दिए ।

भारतीय विद्यालयमा आफ्ना नानीबाबु भर्ना गरेपछि नेपालतर्फका विद्यालय विद्यार्थी अभावकै कारण बन्द भएको जौबारीका थुक्तेन लामाले जानकारी दिए। यसरी विद्यार्थी भारत लैजाँदा पैसा त खर्च हुन्छ नै नेपालको राष्ट्रियता, स्वाभिमानजस्ता विषय नेपाली बालबालिकाले थाहा नपाउने लामाको दुखेसो छ । बन्द भएका विद्यालय जीर्ण बनिसकेका छन् । जौबारीको राष्ट्रिय प्राविमा भने एक वर्षअघि सशस्त्र प्रहरी बसेको थियो । उक्त विद्यालयमा बसेरै सशस्त्रले विद्यालय नजिकै आफ्नो भवन निर्माण गरेको छ । सीमा क्षेत्रमा विद्यालय सञ्चालन गर्न हालसम्म सरोकार भएका निकायले चासो देखाएका छैनन् ।

धारावाहिक उपन्यास फन्टुस फिक्सन भाग ३

# मिसन खरमयुर



❑ सुदिप गुरागाई

'नमस्ते ! म राजकुमार । तपाईंलाई चराहरूको स्वर्ग कोसीटप्पुमा स्वागत छ ।'

वर्ड-वाचर राजकुमार सिंहसँग पहिलो भेट २४ आरडीको हावा महलनेर भएको थियो । उनी स्थानीय संरक्षण कार्यकर्ता रहेछन् । चराको फोटो खिच्न चाहने सौखिन पर्यटकहरु आएका बेला घुमाउने, चरा चिनाइदिने, अतिथि सत्कारको व्यवस्था मिलाउने गर्दा रहेछन् ।

'नमस्ते !' जवाफमा मैले यति मात्र भनैँ ।

मलाई सबै कुरा नौलो लागिरहेको थियो र त्यसरी आफूलगायत सेरोफेरोको वातावरण नौलो हुनुको आनन्द लिइरहेको थिएँ । म को हुँ ? म कहाँको हुँ ? सोधीखोजी गर्नुपर्ने कुनै आवश्यकता अनुभव भइरहेको थिएन ।

'महोदय, तपाईंको परिचय ?' दाहिने हात अघि बढाउँदै राजकुमारले सोधे ।

मैले हात मिलाएँ मात्र । केही बोलिनँ । वास्तविकतामा म को हुँ, के हुँ आफूलाई नै थाहा नभएपछि म के बोल्नु ?

'विष्णुप्रसाद,' म चुप लागेको देखेर गुलाबीले भने ।

'इन्ट्रेस्टिङ, आ ँनो नाम पनि अर्काले भनिदिनुपर्ने !'

'इन्ट्रेस्टिङ त तपाईं हुनु हुँदोरहेछ । चराहरूको पनि स्वर्ग हुन्छ र ?' म बोलैँ ।

उता श्रीलंका टप्पु, यता कोसीटप्पु माझमा कोसी नदी, गरैया धार । विशेष-विशेष प्रजातिका चराहरूका लागि चर्चित ठाउँ । गुलाबीसँगको कुराकानी, राजकुमारसँगको पहिलो भेट अनि हिजो माछा इञ्जिनियरले भेटेको किताब बेलुका आगाको उज्यालोमा हल्का र बिहान ५० पाना जति हेरेको भरमा यति जानकारी भइसकेको थियो । तर, यो चराहरूको स्वर्ग भन्ने पदावली चाहिँ मेरा लागि नौलो थियो ।

'अब चराहरूको स्वर्ग भने पनि चराहरूको राजधानी भने पनि नेपालमा संसारभरिका चराहरूले यो जत्तिको मन पराएको ठाउँ अर्को छैन । जहाँसम्म स्वर्गको कुरा छ, यो ठाउँ सौखिन र व्यावसायिक बर्ड-वाचरहरूका लागि पवित्र तीर्थस्थल हो । हिन्दूहरूको पशुपतिनाथ, मुसलमानहरूको मक्का-मदिना, बौद्धहरुको लुम्बिनी, इसाइहरूको जेरूसलम भनेजस्तो ! विश्वमै दुर्लभ गुलाबी टाउके हाँस र सानो खरमयुर यहाँ सजिलै देख्न पाएर धन्य-धन्य भएका धेरै पर्यटकहरु छन् ।'

राजकुमारको धाराप्रवाह जानकारी गुलाबी र मैले ट्वाल्ल परेर सुनिरह्यौँ ।

'अस्ति जर्मनीबाट आएको फोटो पत्रकारहरूको एउटा टोलीले, मैले तित्रिगाछी तालनेर गुलाबी टाउके हाँस देखाइदिएँ भनेर खुसी हुँदै यो बाइनाकुलर नै उपहार दिएर गए । उनीहरूको कार्ड पनि दिएर गए,' उपहार पाएको बाइनाकुलर घाँटीमा झुन्ड्याइरहेका राजकुमारले पर्सबाट कार्ड निकाल्दै भने ।

'यस्तो वाइनाकुलर र तपाईंलाई कामलाग्ने एउटा किताब त उहाँ दाइसँग पनि छ,' मैले गुलाबीतिर देखाउँदै भनैँ ।

'कुन किताब हो हेरूँ त ।'

ओहो ! यो त हेल्म फिल्ड गाइड्स पो रहेछ । संसारका चराहरुका बारेमा विशेष जानकारी दिने किताब । कोसी क्याम्पमा बसेका गेस्टहरूले हाम्रो किताब र बायनाकुलर घारीमै छुट्यो भन्दै थिए । फोटो खिच्न खरमयुर खोज्दै खर-घारीतिर गएका थिए रे ! नजिकै अर्ना देखेर सब भागाभाग भएछन् । कहाँ भेट्नुभो तपाईंहरूले ?''

गुलाबीले झोलाबाट बाइनाकुलर र किताब निकालेर राजकुमारलाई दिए ।

'ओहो ! यो त हेल्म फिल्ड गाइड्स पो रहेछ । संसारका चराहरुका बारेमा विशेष जानकारी दिने किताब । कोसी क्याम्पमा बसेका गेस्टहरूले हाम्रो किताब र बायनाकुलर घारीमै छुट्यो भन्दै थिए । फोटो खिच्न खरमयुर खोज्दै खर-घारीतिर गएका थिए रे ! नजिकै अर्ना देखेर सब भागाभाग भएछन् । कहाँ भेट्नुभो तपाईंहरूले ?'

'हिजो हाम्रो केटाले भेटाएर ल्याए'थियो,' गुलाबीले ठेटी मिसाउँदै भने, 'माछा इन्जिनियरले एउटा बच्चा तित्रा पनि पक्डेछ । त्यसकै छेउमा भेटेछ यो पनि ।'

'भन्न त अर्ना देखेर भागेको भने कि विष्णुप्रसाद सर !,' राजकुमारले रमाइलो पाराले भने, 'यहाँका सबै भैँसीहरूको सिङ लामै हुन्छ । देखे होलान् कुनै झर्ना चर्दै गरेको । चरा खोज्दै आ'को कुइरेका लागि के अर्ना के झर्ना !' क्रमशः...

संक्षेपमा

## चलचित्र भुठानको ट्रेलर



दमक । पराई भूमिमा भौतिक सुख प्राप्त भए पनि धर्म, संस्कार र संकृति नमिल्दा त्यसले पार्ने प्रभावलाई विषय बनाई निर्माण गरिएको फिल्म भूठानको ललितपुरमा आयोजित एक कार्यक्रमका बीच ट्रेलर सार्वजनिक गरिएको छ । तीन मिनेट लामो ट्रेलरमा भुठानबाट भारत र नेपाल हुँदै अमेरिका पुगेका भुटानी शरणार्थीको कथा प्रस्तुत गरिएको छ । वृद्ध अवस्थामा पुगेका एक व्यक्तिले जीवनको उत्तरार्द्धमा अमेरिकाबाट भुटान फर्किन गरेको प्रयास टूेलरमा देखाइएको छ । जिन्दगीले जन्मभूमिमा जरा गाडिसकेपछि पराई भूमिमा बाध्य भएर बस्नु पर्दाको उकुसमुकुस टूेलरमा पोखिएको छ ।

अंग्रेजीमा द वर्ल्डस् ह्याप्पियस्ट म्यान नाम दिइएको फिल्मको मुख्य भूमिकामा हरिवंश आचार्य छन् ।

हरिवंशसँगै दयाहाङ राई, अनुराधा मजुमदार, पूजा आर लामा, ॠचा घिमिरे, जोएस पाण्डे, अदिति प्याकुरेल, टम क्रेन, विमल सुवेदीलगायतका कलाकारका साथमा हलिउडका विश्वविख्यात अभिनेता ब्रुस डर्नले विशेष भूमिकामा अभिनय गरेको फिल्म हलिउडको साग अफट्राअन्तर्गत रहेर बनेको पहिलो त्यो नेपाली फिल्म हो, जसमा हलिउडका केही प्राविधिकले पनि काम गरेका छन्। अगामी १२ गते रिलिज हुने फिल्म बुलबुलबाट नाम कमाएका विनोद पौडेलले निर्देशन गरेका छन्। अविरल थापा, सुशांक मैनाली, राजेन्द्र ठकुराठी, अमिताभ जोशी र किर्तना बाँस्कोटाद्वारा निर्मित फिल्ममा समवरण केमको संगीत, बलिउडका प्रख्यात कला निर्देशक अन्जन गजुरेलको कला निर्देशन, सुसन प्रजापतिको छायांकन र अन्जय खड्काको सम्पादन रहेको छ। फिल्ममा विकाश भिटो अधिकारी, कौशिला खनाल, रमेश भट्ट र अपार श्रेष्ठ कार्यकारी निर्माता रहेका छन्।

## म्युजिक भिडियो सार्वजनिक

गायक गायिका नारायण थापा र बेनिशा पौडेलको स्वरमा तिम्रो स्पर्शले बोलको गीत भिडियोसहित जी मिडिया कनेक्सन युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ।

राज टाइगर र प्रतीक्षा काफ्लेले अभिनय गरेको गीतमा पुरुषोत्तम बस्नेतको शब्द, नारायण थापाकै संगीत र पुष्कर सुनुवारको एरेन्जमेन्ट रहेको छ।

## प्रेरक प्रसंग



विश्वको सर्वोच्च शिखर खगरमाथा नेपालमा पर्छ भन्ने धेरैलाई थाहा छ। ८ हजार ८ सय ४८ मिटरको सगरमाथा मात्रै हैन नेपाललाई चिनाउने अन्य धेरै हिमालहरू छन् भन्नेबारे पनि जानकारी राखिराख्न आवश्यक छ।

नेपालको कुल भूभागमध्ये दुई तिहाइ हिमाल र पहाडले ढाकेको छ। नेपाल अन्नपूर्ण हिमाल, गणेश हिमाल, खुम्बु हिमाल, लाङटाङ हिमाल, मनाङ हिमाल, रोल्वालिङ हिमालले परिचित छन्। यस बाहेक ८ हजार मिटरभन्दा अग्ला विश्वमा रहेका १४ हिमालमध्ये ८ वटा नेपालमा पर्छन्। ८ हजार ५ सय ८६ मिटरको कञ्चनजंघा, ८ हजार ५ सय १६ मिटरको ल्होत्से, ८ हजार ४ सय ६६ मिटरको मकालु, ८ हजार २ सय १ मिटरको चिपु, ८ हजार १ सय ६७ मिटरको धौलागिरि, ८ हजार १ सय ६३ मिटरको मनास्लु र ८ हजार ९१ मिटरको अन्नपूर्ण प्रमुख हिमाल हुन्।

यी हिमालहरूको आरोहण गर्न विश्वका धेरै पर्यटक आउँछन्। आरोहण गर्न सन् १९४९ मा खुल्ला गरिएको हो। त्यपछि सन् १९५३ मा ब्रिटिस पर्वतारोहण दलका नेन्जिङ नोर्गे र एड्मन्ड हिलारीले सर्वोच्च शिखर आरोहण गरेका हुन्। त्यसपछि नेपाल विश्वसामु चिरपरिचित भयो। यसबाहेक ५ हजार ५ सय मिटर उचाइका हिमाल तथा चुचुरा त १ हजार ७ सय ९२ वटा छन्। यस्तै, चुचुरा हेर्न र आरोहरण गर्न नेपालमा पर्यटक आउँछन्।

## साहित्य/सिर्जना



### शुभकामना ०८२ सालको

♦ शान्त प्रसाद भट्टराई

यो वर्ष उमंगले छाओस् नयाँ वर्ष
मिरमिरे प्रभात छाओस् सबैमा नयाँ जाँगर
सबैतिर विरुवाले पालुवा फेरेर हरिमाली बनोस्
विदेशमा रहने नेपाली उत्साह उमंग बनोस्
घर दैलामा जतततै सुप्राप्त प्राप्त होस्

नयाँ वर्षको शुभकामना सम्पूर्ण नेपालमा
हत्या हिंसा अशान्तिलाई चिर्दै
बितेका नराम्रा पुराना कुरा हटाएर
विभेदरहित समाजको भविष्य कोर्दै
झरनाको पानी निर्मल स्वच्छ भएर

सुरु शान्ति समबृद्धि शुभकामना
भ्रष्टचारी, झोले, गुण्डागर्दी अन्त्य होस्
यस्ता कुरीति कुकर्मी अत्य भएर जाओस्
स्रष्टा साहित्यको शान्ति गुञ्जिरहोस्
सबै नेता कर्मचारी सद्बुद्धिले छाओस्

फलफुल लटरम्म सरहको वर्षा हवोस्
बृद्ध नेता कुर्सी होइन सम्मानले राख्न पाइयोस्
युवाका काँधमा जिम्मेवारी दिई उन्नति प्रगति
हाुदै सबैमा शुभकामना शुभकामना ।

दमक–५, झापा

समाज

# नयाँवर्षमा अध्यक्ष राईको नयाँ काम !




**दमक**/। नयाँ वर्षको पहिलो दिन प्राय मानिसहरु एकापसमा शुभकामना साटासाट गर्ने, मिठो मसिनो खानपीनसंगै पारिवारिक रमाइलोमा व्यस्त हुन्छन् । घुम्न जानेदेखि रमाइलो गरेर दिन बिताउने त्यो अवस्था सामान्यनै पनि हो । तर, केहि मानिसहरु यस्ता पनि हुन्छन्, उनीहरु अरुको कर्म र मर्मप्रति भावना साटासाट गरि घरघर पुगेर आत्मियता बटुल्ने गर्छन् ।

कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको यस्तै दिनचर्या वन्यो नयाँ वर्ष । नयाँ वर्ष अंग्रेजी जस्तै नेपाली विक्रम सम्वतको हो । जुन सम्बत आफनै विशेषता छ । नयाँ वर्षको पहिलो दिन देशभरि सार्वजनिक विदा पनि हुने गर्छ । विदालाई सदुपयोग गर्न हप्तादिन अघि तयारी पनि हुने गर्छन् ।

तर सामाजिक कार्यमा सक्रिय रहदैआएका पालिका अध्यक्ष राई भने यो पटकको नयाँ वर्ष दिनभरि वडाबासीको गुनासो सुन्न गाउँघर चहार्नमा व्यस्त देखिए । उनको यो पटकको पूर्वतयारीका कुनै कार्यक्रम थिएनन् पनि । उनले केहि साथीको निम्तो स्वीकारेर विहानै कमल गाउँपालिकाको वडा न. ७ का स्थानीयहरुसंग विकासको कुरोदेखि अपेक्षासम्मका गन्थनमन्थनमा आफूलाई व्यस्त बनाए ।

कमल ७ बिष्णुकठठास्थित सिहंदेवी आधारभूत विद्यालयका अध्यक्ष सन्तोष राईले पालिका अध्यक्ष राईले वडाबासीको समस्या सुन्न स्थानीयहरुसंग कुराकानी भएको बताउँछन् । अध्यक्ष राईले कमल ७ को किरात युमा माङहिम ,किरात राई साकेला माङखिमदेखि सैनिक चौंक पूर्वको धरधरे बाँध निर्माणसम्मको स्थलगत अनुगमन गरि त्यहाँ भईरहेको कामको विषयमा सरोकारवालाहरुसंग जानकारी लिने सम्मका अन्तरकृया समेत भएको बताउँछन् ।

मेमेङ टोलमा निर्माणाधन माङहिमको अवलोकन गर्न पुगेका अध्यक्ष राईलाई माङहिमका विषयमा उपाध्यक्ष पूर्णकुमार मावोले जानकारी गराएका थिए । माङहिम बनाउन स्थानीय समासेवी गणेशबहादुर केरुङले २ कठ्ठा र अर्का दाता बुधमाया मावोले १० धुर जमीन निशुल्क प्रदान गरेका थिए । त्यही जमीनमा २०७५ सालदेखि माङहिम निर्माण थालिएको हो ।

माङहिम निर्माण उपभोक्ता समितिका संयोजक समेत रहेका मावोले गाउँपालिकाको करिव २५ लाख र ४ लाख बढी शुभेच्छुकहरुबाट सहयोग जुटाएर त्यहाँ घेराबेरा, यज्ञकुण्ड, पूजास्थलसम्मका निर्माण भईसकेको जनाएका छन् । सामुदायिक भवन बनाउने लक्ष्य राखिएपनि अहिले भने पूजारी बस्ने आवास शौचालय,धारापानी लगायतका काम गर्न आर्थिक अभावले काम गर्न समस्या भएको मावो वताउँछन् । उनले भने, -'अव पनि पालिकासंग हारगुहार गर्नको बिकल्प छैन्, यसतर्फ पालिका अध्यक्ष राईसंग अनुरोध गर्न चाहन्छौ '

त्यसक्रममा अध्यक्ष राईले अधुरा योजनालाई छिटोछरितो पूर्णता दिन स्थानीय सरकार प्रतिवद्ध भएको बताउँछन् । माङहिमको विषयमा आफूले सक्दो सहयोग गर्ने उनले बताए ।

यसैगरि, माङहिमको करिव ५सय दक्षिणमा रहेको राई जातिको अगुवाईमा किरात राई साकेला माङखिममा पुगेका अध्यक्ष राईले सरोकारवालाहरुसंग साकेला खिमको बस्तुस्थितिका बारेमा भलाकुसारी गरे । साकेला माङखिमका अध्यक्ष चन्द्रवहादुर राई, सामाजिक अगुवा जेवी राई माङपाहाङसहितका सरोकारवाला, स्थानीयले साकेला खिमलाई राई जातिको संग्रहालयसहित आस्थाको स्थल बनाउन आफूहरुले काम गरिआएको सुनाए ।

त्यहाँको माङखिम स्थललाई थप व्यवस्थित बनाउन दाताहरुबाट जग्गा समेत सहयोग प्राप्त भएपछि अव त्यहाँ घेरोवेरासहितको योजनामा समिति लागेको अध्यक्ष चन्द्रबहादुर राईले बताए ।

उनका अनुसार माङखिमसंग जग्गा पर्याप्त नभएपछि समिति आफैले १ कठ्ठा जमीन खरिद गरेको थियो भने अन्य भने स्थानीय दाताहरुबाट निशुल्क जमीन प्राप्त भएको थियो । माङखिम स्थलमा पुगेका पालिका अध्यक्ष राईले किरात राई साकेला माङखिमको विकासमा सहयोग पुरयाँउने उल्लेख गरेका थिए ।

स्थानीय सिंहदेवी आधारभूत विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष जितबहादुर राईले यस क्षेत्रका राई समुदायको साझा सम्पदाका रुपमा यो माङखिमले विस्तारै आकार ग्रहण गर्ने विश्वास व्यक्त गर्दै त्यसका लागि स्थानीय सरकारले पनि सहयोग पुरयाउँन आग्रह गरे । त्यसैबेला पालिका अध्यक्ष राईले कमल ७ कै सैनिक टोल उत्तर धरधरे बाँध पूर्ननिर्माण कार्यस्थलमा पुगेका थिए । त्यहाँ बाँध मर्मतमा भईरहेको कार्यको अनुगमन गरि सरोकारवालाहरु अन्तरकृया गरेका थिए । स्थानीय उपभोक्ताहरुले अध्यक्ष राईसंग धरधरे बाँधलाई दिगो निर्माणमा सहयोग पुरयाँई दिन माग गरिएको बाँध निर्माण उपभोक्ता समितिका अध्यक्ष राजकुमार लिम्बूले बताए । त्यसक्रममा अध्यक्ष राईले स्थानीयले धरधरे बाँधको दिगो व्यवस्थापनमा प्रविधिक झिकाएर काम अघि बढाउने बताएका थिए । उनले भने, -'धरधरे यो बाँधलाई व्यवस्थित बनाउन लाग्ने छु, ढुक्क हुनुहोस ।'

एकैदिन तीन वटा छुट्टाछुट्टै योजनामा सहभागि पछि सोहि टोल निवासी सिंहदेवी आधारभूत विद्यालयका पूर्व प्रधानाध्यापक सुरेन्द्र राईको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका थिए। पूर्व प्रअ राई केहिसमयदेखि अस्वस्थ्य रहेका छन् । पालिका अध्यक्ष राईको नयाँवर्षको दिनचर्या सवै जनप्रतिनिधिहरुका लागि गतिलो प्रेरणा हुने शैक्षिक अगुवा कविराज सम्बाहाम्फे बताउँछन् । अंग्रेजी विषयका शिक्षक समेत रहेका उनले भने, -जनताको काम गर्न उनलाई कहिल्यै कुनै समय र दिन पर्खनु परेन , यस्तो हुनुपर्छ नी जनताको प्रतिनिधि । '

## सिटी सेन्टरमा "१८ डी सिनेमा"

काठमाडौंको कमलपोखरीस्थित सिटी सेन्टरमा '१८ डी सिनेमा' को उद्घाटन गरिएको छ । यो हलले दर्शकहरूलाई चलचित्रको नयाँ अनुभव दिने अपेक्षा गरिएको छ ।

नयाँ वर्षको अवसर पारेर अभिनेता राजेश हमालले उद्घाटन गरेको यस हलमा दर्शकहरूले दृश्य, ध्वनि, गति, हावा र कम्पनको साथ फिल्मको वास्तविक संसारमा प्रवेश गरेको अनुभव गर्न सक्नेछन् । 'फ्लाइओभर इन्टरटेन्मेन्ट'का राम थापा र हिमाल गुरूङले सञ्चालनमा ल्याएको यो हलमा एक पटकमा १० जनाले मात्र चलचित्र हेर्न सक्नेछन् । सञ्चालक गुरूङका अनुसार, यहाँ दर्शकहरूले डायनासोरको युगको यात्रा, समुन्द्रको गहिराइमा खोजी, अन्तरिक्षको युद्ध, र जङ्गल एडभेञ्चरजस्ता रोचक र साहसिक चलचित्रहरु ५ देखि ३० मिनेटको अवधिमा हेर्न सक्नेछन् ।

अभिनेता हमालले १८ डी सिनेमाको अनुभव लिँदै भने, "यो प्रविधिले मलाई फिल्मको हरेक दृश्यमा आफूलाई समावेश भएको महसुस गरायो । यो अनुभव एकदमै रोमाञ्चक थियो ।"

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि: दमक: ०२३-५८०९१४
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भगवान बस्नेत : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईंहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्यांकीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०




आज मिति
२०८२ साल
वैशाख ०६ गते
शनिबार
18 Apr. 2025
तिथि: सप्तमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | खर्च घट्ने । पारिवारिक समस्या । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा उत्साह । आम्दानी बढ्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | रोजगारीको अवसर । पारिवारिक सुख । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक समस्या । खर्च बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | रोगको भय । कारोबारमा घाटा । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | विपरीतलिंगीको सहयोग । व्यापारबाट लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | आम्दानीका स्रोत मिल्ने । मनमा शान्ति । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | कार्यमा बाधा । सन्तानमा समस्या । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मनमा उदासिनता । शत्रु बढ्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | पुरुषार्थ बढ्ने । आफन्तबाट सहयोग । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | शत्रु बढ्ने । आम्दानीमा कमी । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | व्यवसायबाट लाभ । रमाइलो भेटघाट । |

## कक्षा १२ को परिक्षा स्थगितको हल्ला

यही वैशाख ११ गतेदेखि सुरू हुने भनिएको कक्षा १२ को परीक्षा शिक्षक आन्दोलनका कारण स्थगित भएको हल्ला निराधार भएको र त्यस्तो कुनै निर्णय नभएको जानकारी राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । परीक्षा स्थगित भएको सूचना बोर्डको लेटरहेडमा शुक्रबार जारी जारी गर्दै अर्को सुचना जारी नभएसम्मका लागि परीक्षा स्थगित भएको जनाइएको थियो । बोर्ड सो सूचना भ्रामक भएको र सबै परीक्षाको तयारीमा लाग्न आग्रह समेत गरेको छ ।

## नेकपा एस मोरङद्वारा शिक्षक आन्दोलनमा समर्थन

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) मोरङ जिल्ला कमिटीले सामुदायिक विद्यालयका शिक्षकहरूको आन्दोलनमा समर्थन जनाएको छ । जिल्ला कमिटीका अध्यक्ष चन्द्रविर राईले एक विज्ञप्ती जारी गर्दै आन्दोलनको समर्थन गरेका हुन् । केपी शर्मा ओली नेतृत्वको सरकारले शिक्षकहरूको न्यायपूर्ण मागलाई उपेक्षा गरेको र शिक्षकहरूको मानमर्दन गरेको नेकपा एसले आरोप लगाएको छ । नेकपा एसले सरकारको रवैयाप्रति गम्भीर आपत्ति जनाइएको छ । साथै, शिक्षकहरूको आत्मसम्मान र शिक्षाक्षेत्रको आमूल परिवर्तनका लागि आन्दोलनप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ ।

## सिइयो रेमिट्यान्स पार्किङ रकम हिनामिनामा दोषी

विराटनगर महानगरपालिका-७ मेनरोडस्थित सप्तकोशी डेभलपमेन्ट बैंकको कर्पोरेट कार्यालयमा रेमिट्यान्सतर्फको 'पार्किङ एकाउण्ट' बाट १५ करोड ७५ लाख ४० हजार ५७५ रूपैयाँ हिनामिना गरेको घटनामा उक्त बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृत (सीईओ) नवीन सुवेदी दोषी ठहर भएका छन् । उच्च अदालत विराटनगरको बाणिज्य इजलासले बिहीबार सुवेदीलाई उक्त कसुरमा दोषी ठहर गर्दै ४ वर्ष कैद र ५ करोड बढी बिगो असुल गर्ने फैसला गरेको हो ।


## भुटानीलाई डिपोट नगर्न सर्वोच्चको आदेश

सर्वोच्च अदालतले हाल प्रहरी थुनामा रहेका चार जना भुटानी शरणार्थीलाई वैशाख ११ गते अदालतमा उपस्थित गराउन र त्यसबेलासम्म डिपोर्ट नगर्न अन्तरिम आदेश दिएको छ । २० दिनदेखि झापा काँकडभिट्टा प्रहरीको थुनामा रहेका भुटानी शरणार्थीहरूलाई थुनामुक्त गर्न माग गर्दै शरणार्थी नारायणकुमार सुवेदीले सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट बुधबार दायर गरेका थिए । उनको रिटमाथि सुनुवाइ गर्दै बिहीबार सर्वोच्च अदालतले यस्तो आदेश दिएको हो ।

## लागुऔषसहित विभिन्न स्थानबाट पक्राउ

फरक फरक स्थानबाट लागूऔषधसहित पाँचथरका दुई जनालाई पक्राउ गरिएको छ । शुक्रबार सीमा सुरक्षा गुल्म काँकरभिट्टाबाट खटिएको टोलीले शिकारी कुकुरको सहयोगमा भारतवाट आउँदै गरेको मे ९ प ३४६३ नं.को मोटरसाइकल चेकजाँचका क्रममा पाँचथर कुम्मायक गाउँपालिका -३ बस्ने २९ वर्षीय अइन्द्रविक्रम खड्कालाई पक्राउ गरेको हो । शंका लागेर चेकजाँच गर्दा मोटरसाइकलको ट्यांकीमा लुकाई छिपाई ल्याएको २७ ग्राम १३ मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । यता शुक्रबारै कचनकवल गाउँपालिका वडा न. ६ बनियानी चोकमा ४९ ग्राम ५९० मिलिग्राम ब्राउनसुगरसहित कचनकवल -५ बस्ने २८ वर्षीय कासिम मिया पक्राउ परेका छन् । त्यसैगरी, सुनसरी धरान उप-महानगर पालिका-११ स्थितबाट अस्थायी प्रहरी चौकी रेल्वे, धरानबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सोही स्थानका ३१ वर्षीय रोशन राई र ३७ वर्षीय मिमाहाङ लिम्बुलाई ब्राउन सुगर ५३० मिलिग्राम र प्रतिबन्धित औषधी ट्रामोल-४० क्याप्सुल, कोलिवन-३० ट्याब्लेट सहित पक्राउ गरेको छ ।

## समाज सुधार प्रतिष्ठानमा पुनः विजय बराल



दमक । दमक-२ स्थित समाज सुधार प्रतिष्ठानको २२ औं साधारणसभा पुनः विजय बराल सर्वसम्मत निर्वाचित भएका छन् ।

११ सदस्यीय समितिको उपाध्यक्षमा अन्जना सिग्देल, सचिवमा बसन्त काफ्ले, सहसचिवमा दामोदर सिग्देल, कोषाध्यक्षमा नारायणप्रसाद घिमिरे सर्वसम्मत निर्वाचित भएका छन्।

संस्था दर्ता भएपछि निरन्तर अध्यक्ष भई निरन्तर काम गर्दै आएका छन् ।

शुक्रबार सम्पन्न साधारणसभाका प्रमुख अतिथि दमक नगरपालिका प्रमुख रामकुमार थापा रहेका थिए ।


### सूचना सच्याईको बारे

भृकुटी हस्पिटल प्रा.लि. ले १०० शैया अस्पताल निर्माण तथा संचालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सार्वजनिक सूचना मितिः २०८१/१२/२८ को पूर्वसन्देश दैनिकमा प्रकाशित सूचनामा प्रस्तावकको नाम भृकुटी हस्पिटल प्रा.लि. हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको जानकारी गर्दछौं।

### सीप सिकौं, आत्मनिर्भर बनौं

- एभरेष्ट डल हाउस एण्ड ट्रेनिङ सेन्टरमा ५० प्रतिशत छुटमा ट्रेनिङ दिइदैछ।
- तालिम पश्चात् रोजगारीको व्यवस्था छ।
- घरमै बसेर डल बनाउने सुविधाको व्यवस्था छ।
- एस.ईई दिएर बसेकालाई थप छुट गरिने छ।
- यहाँ एकजना कार्यालय सहयोगीको आवश्यक छ।

**एभरेष्ट डल हाउस**, फाल्गुनन्द चोक
दमक-झापा (९८१७९७९१००)


## महिलालाई उद्‌घोषण तालिम

**बिर्तामोड/**झापा बिर्तामोडमा महिलालाई तीन दिने उद्घोषण तालिम दिइएको छ । श्री छठ महिला मञ्च बिर्तामोडको आयोजनामा महिलाको नेतृत्व विकास तथा क्षमता अभिबृद्धिका लागि तीन दिने उद्घोषण तालिम दिइएको हो । बैशाख २ गतेदेखि सुरू भएको तालिम बिहीबार समापन भएको हो ।

छठ सेवा समाज बिर्तामोडका अध्यक्ष रामेश्वर द्विवेदीको प्रमुख आतिथ्य तथा छठ महिला मञ्चकी अध्यक्ष निशा साह गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा स्वस्तीका आर्चायले प्रशिक्षण प्रदान गरेकी थिइन् ।

तालिमले महिलामा सामूहिक नेतृत्वको भावना र महिलाका मुद्दा उठान र कार्यक्रममा बोल्न सक्ने क्षमताको विकासमा सहयोग पुग्ने विश्वासका साथ कार्यक्रम आयोजना गरिएको मञ्चको अध्यक्ष गुप्ताले बताइन् । तालिममा सहभागीका तर्फबाट सीमा जैसवाल, निकिता साह र संगीता चौधरीले तालिम उपलब्धिमूलक भएको प्रतिक्रिया दिएका थिए । स्वागत संगीता प्रधानले गरेको कार्यक्रमको सञ्चालन संस्थाकी महासचिव रेनुका महतोले गरेकी थिइन् । तालिममा ३५ जना सहभागी थिए ।

***प्रिमनसुनमा*.....**यो अवस्था अझै केही दिन रहने छ । जल तथा मौसम विज्ञान विभागका निकायबाट जारी हुने विपद्सम्बन्धी सूचना, पूर्वानुमान एवं चेतावनीको पालना गर्न, विपद्बारे चासो राखी चनाखो बनी विपद् सुरक्षित नेपाल निर्माणमा साथ सहयोग पुर्याउन प्राधिकरणले सबैमा अनुरोध गरेको छ । संवैधानिक प्रावधान तथा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम हुँदै आएको छ । यसका लागि स्थापित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र स्थानीयदेखि केन्द्रसम्म क्रियाशील संस्थागत संरचना तथा संयन्त्रको प्रभावकारी परिचालन जरूरी रहेको प्राधिकरणले जनाएको छ ।

## पानी जहाजको कार्यालय खेलेपछि साढे ११ करोड खर्च

**सुनसरी/** सप्तकोशीमा पानी जहाज चलाउन कार्यालय स्थापना भएको ६ महिनामै ११ करोड बढी रकम खर्च भईसकेको छ । अहिलेसम्म जलमार्ग बनाउन नसकेको कार्यालयले ६ महिनामा खर्च मात्र ११ करोड ६६ हजार ५ सय ९ रूपैयाँ भइसकेको बताइएको छ । विगत ६ वर्षमा विनियोजित १५ करोड २७ लाख ८० हजार रूपैयाँमध्ये ११ करोड बढी कोसी नदीमा आधारित जल पर्यटन र पानी जहाज कार्यालय स्थापना भएपछि उक्त रकमको पुँजीगत खर्च भएको छ ।

मध्यबर्खा लाग्न २ महिना बाँकी छ । सप्तकोसी नदीमा सञ्चालित बोटले पनि अबको २ महिना व्यापार गर्छन् । व्यवस्थित जलमार्ग नहुँदा यात्रुले अनेक कठिनाइ भोग्नु परेको छ । नियामक निकायले जलमार्ग निर्माण गर्न ध्यान दिएकै छैन व्यवसायी गुनासो पोख्छन् । पानी जहाज सञ्चालन र विकासमा राज्यले करोडौं लगानी गरेको तथ्यांक देखिएको छ । तर कहिले, कतिबेला, कसरी लगानी भयो ? सरोकारवाला र व्यवसायी नै बेखबर छन् । लगानीअनुसार अहिले नेपाली नदीमा जेटबोटबाहेक अरु चलेको देखिँदैन । प्रधानमन्त्री केपी शर्मा ओलीले भने जस्तो न समुद्रमा, न त नेपाली नदीमै पानी जहाज चल्ने सुरसार छ ।

***नयाँ*.....** पठनपाठन लगायतका शैक्षिक कार्यक्रम बन्द छन् । यहाँका स्थानीय तहले मङ्गलबारदेखि विद्यार्थी भर्ना अभियान सुरू गर्ने भने पनि शिक्षकको आन्दोलनका कारण पूर्वका कतिपय विद्यालय खुल्न सकेका छैनन् । झापाका सामुदायिक विद्यालयहरूमा भर्ना अभियान प्रभावित हुँदा नीजिमा विद्यार्थीको संख्या बढ्दै गएको छ । नेपाल शिक्षक महासंघ केन्द्रीय समितिको नेतृत्वमा आन्दोलन जारी रहँदा आन्दोलनकारी शिक्षकहरूको संख्या दिनानुदिन वृद्धि भइरहेको छ । उनीहरूको एक सूत्रीय माग पञ्चायतकालीन शिक्षा ऐन २०२८ लाई विस्थापित गरी गणतान्त्रिक सरकारले संघीयताको भावना र मर्मअनुसार संघीय शिक्षा ऐन जारी गर्नुपर्ने रहेको छ । पञ्चायतकालीन सरकार प्रतिगामी हो भने त्यही सरकारले ल्याएको ऐन कानुन पनि प्रतिगामी हो भन्दै उनीहरू अग्रगामी संघीय शिक्षा ऐन लिएर मात्र घर फर्किने आन्दोलनमा होमिएका छन् । सरकार पक्षले उनीहरूका मागप्रति कुनै चासो नदिएका कारण आन्दोलन अझ सशक्त हुँदै गएको देखिन्छ । आन्दोलनलाई अझ दबाबमूलक बनाउन नेपाल शिक्षक महासंघ केन्द्रीय समितिले ७७ वटा जिल्लाबाट शिक्षकहरूलाई काठमाडौँ अनिवार्य आउन निर्देशन दिइसकेको छ ।

## रतुवामाई वृक्षारोपण आयोजनाका कर्मचारीले दश महिनादेखि तलब पाएनन्

**केर्खा/**जिल्लाको केर्खास्थित रतुवामाई वृक्षरोपण आयोजनाका कर्मचारीले १० महिनादेखि तलबभत्ता पाउन सकेका छैनन् । गत वर्ष असारदेखि कर्मचारीले कुनै पनि पारिश्रमिक पाएका छैनन् । उक्त आयोजनामा स्थायीी, करार र दैनिक ज्यालादारी गरी ४३ जना कर्मचारी कार्यरत छन् । आयोजना प्रमुख भक्तिप्रसाद गौतमका अनुसार सङ्घीय सरकारले नियुक्त गर्ने पैदावार विकास समितिको अध्यक्ष पद लामो समयदेखि रिक्त हुँदा कार्यक्रम स्वीकृत हुन सकेका छैनन् । "समितिअन्तर्गतको आयोजना भएकाले अध्यक्ष नियुक्त नभएकाले तबल उपलब्ध नहुनुका साथै अन्य कुनै पनि काम अगाडि बढ्न सकेका छैनन ", उनले भने ।

## मालपोत कार्यालय दमक झापाको ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

उप्रान्त जिल्ला झापा गौरीगंज गाउँपालिका वडा नं -२ बस्ने पंचु टुडुको पत्नी लोथ्रो मुर्मुको छोरी ना. प्र. नं . ०४-०६-८०-०३०२३ मिति २०८०/१०/४ झापाको छमि टुडुले निजको आफ्नै नामथर छथि मुर्मु सतारनीको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको ज.घ. श्रेस्ता पूर्जामा नामथर आफ्नो नेपाली नागरिकता प्रमाणपत्र अनुसार छमि टुडु बाबुको नामथर लोथ्रो मुर्मु र पतिको नामथर पंचु टुडु कायम गरि पाँउ भनी द.नं. १५३१९ मिति २०८१/११/२७ मा निबेदन पेश गरेकोमा हकदावी सम्बन्धि ३५( पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८१/१२/१५ मा आदेश भएको हुँदा यो सुचना प्रकाशित गरिएको छ। निबेदकको माग दाबी बमोजिम ज.ध. श्रेस्ता पुर्जामा रहेको निजको नामथर छथि मुर्मु सतारनिलाई संसोधन गरि नेपाली नागरिकता प्रमाणपत्र अनुसार छमि टुडु, पतिको नामथर पंचु टुडु र बुबाको नामथर लोथ्रो मुर्मु कयम गरि निजको ना. प्र. नं ०४-०६-०८-०३०२३ मिति २०८०/१०/४ झापा कायम गर्दा कोहि कसैको हकहिस्सा वा स्वमित्वमा असर पर्न जाने भएमा यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र आफ्नो सबुत प्रमाणसहित हकदाबी गर्न यश कार्यलयमा आउनु होला। अन्यथा कानुन बमोजिम भई जाने छ । पछि कुनै प्रकारको उजुर बाजुर लाग्ने छैन ।

तपशील

| जग्गा धनिको नाम, थर | गा.वि.स/न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | संशोधन माग गर्नेको | कै |
|---|---|---|---|---|---|---|
| ज.ध. छथि मुर्मु सतानी<br>बाबु : X<br>पति : X<br>ना.प्र.नं. X | कोरोबारी ९<br>कोरोबारी ९ | ९<br>९ | ९५<br>९६ | १-१४-०<br>०-१०-० | नाम, थरः छमि टुडु<br>बाबु : लोथ्रो मुर्मु<br>पति : पंचु टुडु<br>ना.प्र.नं. ०४-०६-०८-०३०२३<br>मिति २०८०/१०/०४ झापा | |

*ईति सम्बत् २०८१ साल चैत्र २२ गते रोज ६ शुभम् ।*


### नि:शुल्क तालिम

नेपालको सर्वाधिक सीप सिकाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताप्राप्त भएको चन्द्रसूर्य सीप विकास संस्थामा विभिन्न विषयको नि:शुल्क तालिमको व्यवस्था भएकोले गरीब, विदेश जाने, बेरोजगार, शरणार्थी, SEE, +2 दिने विद्यार्थीहरुले सम्पर्क राख्नुहोला। साथै CTEVT बाट लिइने Level 1 & Level 2 को परीक्षाको सबै विषयको तालिम दिइनेछ।

तालिमका विषयहरू: • ककमेन • वारिस्ता • वेटर • स्काफोल्डिङ • वेल्डर • स्प्रे पेन्टिङ • कटिङ • सेल्समेन • ब्युटीपार्लर • कम्प्युटर • पंखा, मोटर मेकानिक • मोबाइल मर्मत • इलेक्ट्रिसियन • सेक्युरिटी गार्ड • वेल्डर • कोरियन भाषा • प्लम्बर • ड्राइभिङ • Motivation/Leadership • एसी/फ्रिज मेकानिक • हाउस किपिङ एण्ड केयर गिभर • उद्घोषण (रेडियो/टिभी स्टेज)

फाराम शुल्क रू. २५०।

फारम भरिसकेपछि अनिवार्य २ विषयमा नि:शुल्क नाम लिकालिने छ । सीप सिकिसकेकाहरुलाई सीप प्रमाणित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सर्टिफिकेट प्रदान गरिन्छ ।

सिट सिमित भएकाले तुरुन्त सम्पर्क गर्नुहोला । फारम भर्ने अन्तिम मितिः २०८२।०३।३०

**चन्द्रसूर्य सीप विकास संस्था**
दमक-९,झापा (फोन: ०२३-५८५१२०/९८५२६७५५०२) **बिर्तामोड शाखा:** ९८०७९१८१२८


## चौवालीस लाख बढी इ-पासपोर्ट जारी

**दमक/** राहदानी विभागले दैनिक तीन हजार ६ सयभन्दा बढी विद्युतीय राहदानी (ई-पासपोर्ट) जारी गर्ने गरेको छ ।

राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालका अनुसार ०७८ मंसिरदेखि ०८१ चैत मसान्तसम्मको ४० महिनाको अवधिमा कुल ४४ लाख २३ हजार ९९२ थान ई-पासपोर्ट जारी भएका छन् ।

उक्त अवधिमा प्रत्येक महिना औसतमा १ लाख १० हजार ५९९ थानभन्दा बढी ई-पासपोर्ट जारी भएका छन् । अर्थात् दैनिक औसतमा तीन हजार ६८६ थानभन्दा बढी ई-पासपोर्ट विभागले जारी गर्दै आएको छ ।

जारी भएका यी पासपोर्ट विभागमा बनेर विभाग, जिल्ला प्रशासन कार्यालय, विदेशस्थित नेपाली नियोगबाट जारी भएका हुन् । "अब हामीसँग सातदेखि साढे सात लाख खाली ई-पासपोर्ट छन्," महानिर्देशक अर्यालले जानकारी दिए ।

विभागले ०७८ मंसिर महिनाबाट ई-पासपोर्ट जारी गर्न सुरू गरेको हो । त्यसअघि विभागले मेसिनले पढ्नसक्ने पासपोर्ट (एमआरपी) जारी गर्थ्यो । विभागको तथ्यांकअनुसार पछिल्लो तीन वर्ष चार महिनामा औसतमा प्रत्येक वर्ष १३ लाख २७ हजारभन्दा बढी ई-पासपोर्ट जारी भएका छन् ।

विभिन्न समयमा खरिद गरिएका ५१ लाख ई-पासपोर्टमध्ये ४४ लाख २३ हजार ९९२ वटा जारी भएका हुन् । "नयाँ पासपोर्टको खरिद प्रक्रिया हाम्रो कार्यतालिकाभित्रै सकिन्छ भन्ने लाग्छ," उनले जनाए ।

आर्थिक वर्ष ०८०/८१ मा विभागले १४ लाख ७३ हजार ३२५ थान ई-पासपोर्ट जारी गरेको थियो । अघिल्लो आर्थिक वर्ष ०७९/८० मा १४ लाख ७१ हजार २६४ थान ई-पासपोर्ट जारी भएको थियो । विभागका अनुसार बितेको साढे १४ वर्षमा नेपालले १ करोड १४ लाख थानभन्दा बढी पासपोर्ट जारी भएका छन् । आर्थिक वर्ष ०६७/६८ देखि ०८१/८२ को चैत मसान्तसम्मको अवधिमा ती पासपोर्ट जारी गरिएको हो ।

नेपालले हस्तलिखित पासपोर्ट बन्द गरी मेसिनले पढ्नसक्ने पासपोर्ट (एमआरपी) जारी गर्न सुरू गरेपछि उक्त संख्यामा पासपोर्ट जारी गरेको हो । यसमा ई-पासपोर्ट पनि समावेश गरिएको छ । राहदानी विभागले हस्तलिखित राहदानी बन्द गरी ०६७ मंसिर १० गतेबाट एमआरपी जारी गर्न सुरू गरेको थियो । यस्तै, विभागले एमआरपीबाट स्तरोन्नती गर्दै ०७८ मंसिर १ गतेदेखि ई-पासपोर्ट जारी गर्न सुरू गरेको थियो ।

***बिमा*.....** सूचना अधिकारी मल्लले उल्लेख गर्नुभयो । चालु आर्थिक वर्षमा बोर्डले जम्मा २६ अर्ब ५९ करोडको बजेट स्वीकृत गरेको छ, तर प्राप्त हुने रकम स्वीकृत बजेटको एक तिहाई मात्र हुने देखिन्छ । बीमा कार्यक्रम हालसम्म ७७ जिल्लाका ७४९ स्थानीय तहमा विस्तार भएको छ । हालसम्म कुल ८९ लाख ५२ हजार १३५ व्यक्ति यसमा आबद्ध छन् । देशभर ४०४ वटा सरकारी, २३ सामुदायिक र निजी ४८ गरी चार सय ८५ वटा अस्पतालले स्वास्थ्य बिमामार्फत औषधि उपचार सेवा दिँदै आएका छन् ।

आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म क्रियाशील बिमितको संख्या ५७ लाख ५३ हजार ८१७ छ, जुन कुल जनसंख्याको २० प्रतिशत हो ।सामान्य क्रियाशील बिमित ४३ लाख दुई हजार ७०९ अर्थात् कुल बीमितमध्ये ७५ प्रतिशत र क्रियाशील लक्षित बीमित १४ लाख ५१ हजार १०८ अर्थात् २५ प्रतिशत छन् । अझै पनि ८० प्रतिशत नागरिकलाई यसमा समेटनुपर्ने देखिएको छ ।


नयाँ बर्ष २०८२को हार्दिक मंगलमय
**शुभकामना**

नव वर्ष २०८२ सालको शुभ अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


कोषराज प्याकुरेल, डाइरेक्टर
इन्दिरा सुवेदी प्याकुरेल, फाउण्डर
एलेक्स प्याकुरेल, प्रिन्सिपल

**एभरेष्ट बोर्डिङ हाइस्कूल परिवार**
दमक-८, झापा

### तपाईको दाँतमा कुनै समस्या छ ?

नेपाल सरकारबाट मान्यता प्राप्त दमकको एकमात्र ॐ शान्ति डेन्टल हस्पिटलमा

विशेषज्ञ तथा अनुभवी डाक्टरहरु र आधुनिक मेसिनको सहायताले तपाईको जुनसुकै समस्याको पनि समाधान हुनेछ ।



**हाम्रा सेवाहरु**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुन्नि, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Iral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

**आवद्ध डाक्टरहरु**

Dr. C.P. Gaire – Consultant Dental Surgeon, BDS (BPKIHS) Dharan M.D. (KU)
Dr. Hem Raj Gaire – (Senior-Oro-Dental Surgeon) BDS (BPKIHS) Dharan
Dr. Kasmi Shrestha – Kist Medical College
Dr. Molika Shrestha – Dental Surgeon
Dr. Tanka Neupane – Dental Surgeon BDS (TU)
Dr. Rahul Gupta – Consultant Ort.
Dr. Smarak Dahal – BDS (TU)
Dh. Sarita Neupane – (Kantipur Dental College)

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी
फोनः ०२३-५७५९०६



**प्रधान सम्पादक/प्रकाशकः** गञ्जबहादुर दाहाल, **प्रबन्धकः** सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादकः** खगेन्द्र कार्की **ले-आउटः** सुरेन बस्नेत, **सल्लाहकार सम्पादकः** पंकज दाहाल
**कार्यालयः** दमक-५, झापा, फोनः ०२३-५७०२७२/५८१७०७, **मुद्रणः** ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com